टीकाराम खड्का
नगर प्रमुख

**मिति २०८२ साल श्रावण ३० गते बसेको तुलसीपुर उपमहानगरपालिका नगरकार्यपालिकाको ३६ औ वैठकका निर्णयहरु।**

प्रस्तावहरु:

१. माग आकृति फारम पठाउने सम्वन्धमा।
२. स्थानीय तहमा अन्य निकायवाट प्राप्त हुने तालिम, अध्ययन वा अध्ययन भ्रमणको कोटा बाँडफाँड गर्न प्रशासकीय अधिकृतको संयोजकत्वमा समिति गठन सम्वन्धमा।
३. विविध सम्वन्धमा।

निर्णयहरु:

निर्णय नं १

प्रस्ताव नं १ माथि छलफल गर्दा नेपाल सरकार संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्वीकृत भएको दरवन्दी तेरिज भित्रका आ.व. २०७५/०७६ मा लोकसेवा आयोगमा माग भई लोक सेवा आयोगवाट प्रतिशत निर्धारण गर्दा वढुवावाट पदपूर्ति गर्ने भनि छुट्टायाईएका, हालसम्म पदपूर्ति नभएका पदहरु र हाल विभिन्न कारणले रिक्त भएका मध्ये अनुसूचि १ वमोजिमका पदहरुको छुट्टाछुट्टै माग आकृति फारम प्रदेश लोकसेवा आयोगको कार्यालय, लुम्विनी प्रदेश, वुटवलमा पठाउने निर्णय गरियो।

निर्णय नं २

प्रस्ताव नं २ माथि छलफल गर्दा स्थानीय तहमा अन्य निकायवाट प्राप्त हुने तालिम, अध्ययन वा अध्ययन भ्रमणको कोटा बाँडफाडँ गर्न स्थानीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०८१ को परिच्छेद-६ दफा ४९ को उपदफा ३ वमोजिम प्रशासकीय अधिकृतको संयोजकत्वमा कार्यपालिकाले निर्धारण गरे वमोजिमको समिति रहने भन्ने व्यवस्था रहेकाले तपसिल वमोजिमको समिति गठन गर्ने निर्णय गरियो।

तपसिल:

| | |
|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| प्रशासन तथा जनशक्ति विकास शाखा प्रमुख | सदस्य |
| आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा तुलसीपुर उपमहानगरपालिकाको भू-उपयोग योजना, २०७९ मा भूमिको वर्गीकरण कृषि क्षेत्र र आवासीय क्षेत्र गरी दुई वटा क्षेत्रमा मात्र गरिएको र सोही वमोजिम कित्ताकाटको काम भईरहेकोमा हाल भू-उपयोग ऐन, २०७६ वमोजिमको भू-उपयोग योजना तयार गरी स्वीकृत नभएकाले भूमि व्यवस्था सहकारी तथा गरिवी निवारण मन्त्रालयको निर्देशन वमोजिम कित्ताकाट रोकेने भएको र यसवाट नगरवासीमा असुविधा भएको तथा जग्गा खरिद विक्रि रोकिन गई राजश्व संकलन प्रभावित हुने देखिएकोले कानुन वमोजिमको भू-उपयोग योजना तयार भई स्विकृत नहुञ्जेल सम्मका लागि तुलसीपुर उपमहानगरपालिकाको साविकको भू-उपयोग योजना, २०७९ वमोजिम यथावत रुपमा कित्ताकाटको प्रकृया निरन्तरताको लागि भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयलाई अनुरोध गर्ने र भू-उपयोग योजनाको प्रतिवेदन तयार गर्नका लागि सेवा परामर्श मार्फत कार्य अघि वढाउने निर्णय गरियो।

टीकाराम खड्का
नगर प्रमुख

... पाँधे
प्रमुख प्रशासकीय अधिकृत

Scanned with CamScanner